मिति २०७७ साल फल्गुन २८ गते शुक्रवार र फाल्गुन २९ गने शनिवारका दिन नीलकण्ठ नगरपालिकाका नगरप्रमुख श्री भीमप्रसाद ढुंगानाज्यूको अध्यक्षतामा आठौं नगर सभाको वैठक देहायको उपस्थितिमा वसियो ।

उपस्थिति				
सि.न	पदाधिकारी नाम थर	पद	दस्तखत (२०७७/११/२८)	दस्तखत (२०७७/११/२९)
१	श्री भीमप्रसाद ढुंगाना	नगर प्रमुख		
२	श्री मनराज भण्डारी	नगर उप-प्रमुख		
३	श्री तुलसीराम पौडेल	प्र.प्र.अ (सदस्य सचिव)		
४	श्री गणेश वहादुर गुरुङ	नगरसभा सदस्य		
५	श्री ध्वज वहादुर गुरुङ	नगरसभा सदस्य		
६	श्री होमनाथ रिजाल	नगरसभा सदस्य		
७	श्री शिवराज गिरी	नगरसभा सदस्य		
८	श्री राम वहादुर श्रेष्ठ	नगरसभा सदस्य		
९	श्री उद्धव प्रसाद रिजाल	नगरसभा सदस्य		
१०	श्री गौतमहरि अधिकारी	नगरसभा सदस्य		
११	श्री गुण वहादुर थपलिया	नगरसभा सदस्य		
१२	श्री भोज वहादुर रेग्मी	नगरसभा सदस्य		
१३	~~श्री विजयराज इटनी~~ श्री एककुमारी गहतौ पाठक	नगरसभा सदस्य		
१४	श्री तिलक वहादुर थापामगर	नगरसभा सदस्य		
१५	श्री वावुराम लम्साल	नगरसभा सदस्य		
१६	श्री होम वहादुर गुरुङ	नगरसभा सदस्य		
१७	श्री फन्द्रा तामाङ	नगरसभा सदस्य		
१८	श्री राजन वराइली	नगरसभा सदस्य		
१९	श्री कमला श्रेष्ठ	नगरसभा सदस्य		
२०	श्री चिनीमाया श्रेष्ठ	नगरसभा सदस्य		

भीमप्रसाद ढुंगाना
नगर प्रमुख

२१	श्री गण्डकी खतिवडा	नगरसभा सदस्य		
२२	श्री कल्पना रेग्मी(रिजाल)	नगरसभा सदस्य		
२३	श्री राम्री नेपाली	नगरसभा सदस्य		
२४	श्री सिताराम कुमाल	नगरसभा सदस्य		
२५	श्री विष्णु वहादुर नेपाली	नगरसभा सदस्य		
२६	श्री एण्जीला तामाङ	नगरसभा सदस्य		
२७	श्री तारा गुरुङ	नगरसभा सदस्य		
२८	श्री पाण्डु तामाङ	नगरसभा सदस्य		
२९	श्री सरला समारी	नगरसभा सदस्य		
३०	श्री नीरमाया मिजार	नगरसभा सदस्य		
३१	श्री भिमराज गुरुङ	नगरसभा सदस्य		
३२	श्री ज्ञान वहादुर राना मगर	नगरसभा सदस्य		
३३	श्री कमला परियार	नगरसभा सदस्य		
३४	श्री टेक वहादुर खान ठकुरी	नगरसभा सदस्य		
३५	श्री गोपी कृष्ण भण्डारी	नगरसभा सदस्य		
३६	श्री जानुका मिजार	नगरसभा सदस्य		
३७	श्री भीम वहादुर ढकाल	नगरसभा सदस्य		
३८	श्री विष्णु वहादुर गुरुङ	नगरसभा सदस्य		
३९	श्री सरिता श्रेष्ठ	नगरसभा सदस्य		
४०	श्री गंगा श्रीमल	नगरसभा सदस्य		
४१	श्री नवराज ढुंगाना	नगरसभा सदस्य		
४२	श्री सिताराम श्रेष्ठ	नगरसभा सदस्य		
४३	श्री मैया प्रधान	नगरसभा सदस्य		
४४	श्री सकुन्तला मक्काती	नगरसभा सदस्य		

रामप्रसाद ढुंगाना
नगर प्रमुख

४५	श्री कुमारी खान	नगरसभा सदस्य	कुमारी	कुमारी
४६	श्री याम वहादुर गुरुङ	नगरसभा सदस्य		
४७	श्री मिना विश्वकर्मा	नगरसभा सदस्य	मिना	मिना
४८	श्री रामकृष्ण रम्तेल	नगरसभा सदस्य		
४९	श्री राम आले मगर	नगरसभा सदस्य		
५०	श्री हिरा कुमाल	नगरसभा सदस्य		
५१	श्री कल्पना वि.क.	नगरसभा सदस्य		
५२	श्री प्रकाश कुमार श्रेष्ठ	नगरसभा सदस्य		
५३	श्री रमेश कोईराला	नगरसभा सदस्य		
५४	श्री छनुमाया गुरुङ	नगरसभा सदस्य		
५५	श्री कविता परियार (वि.क.)	नगरसभा सदस्य		
५६	श्री दिपक वराईली	नगरसभा सदस्य		
५७	श्री सिताराम श्रेष्ठ	नगरसभा सदस्य		
५८	श्री एककुमारी नहर्की पाठक	नगरसभा सदस्य		—
५९	श्री सुन्दरी कुमारी परियार	नगरसभा सदस्य	सुन्दरी	सुन्दरी
६०	श्री चेत वहादुर न्यौपाने	नगरसभा सदस्य		
६१	श्री हरिराम राना मगर	नगरसभा सदस्य		
६२	श्री शान्ता रोक्का	नगरसभा सदस्य		
६३	श्री नवराज लम्साल	नगरसभा सदस्य		
६४	श्री मित्र आचार्य	नगरसभा सदस्य		
६५	श्री खड्क कुमारी सापकोटा	नगरसभा सदस्य	खड्गा	खड्गा
६६	श्री काली रोक्का	नगरसभा सदस्य	काली	काली
६७	श्री कमल वहादुर पौडेल	नगरसभा सदस्य		
६८	श्री ओम नारायण श्रेष्ठ	नगरसभा सदस्य	ओम नारा	ओम नारायण

नगरपालिका प्रमुख

६९	श्री राधीका गुरुङ	नगरसभा सदस्य		
७०	श्री नवराज थापा	नगरसभा सदस्य		
७१	श्री शिव वहादुर गुरुङ	नगरसभा सदस्य		
७२	श्री सुमित्रा गुरुङ	नगरसभा सदस्य		
७३	श्री सरिता सेन्चुरी	नगरसभा सदस्य		
७४	श्री शिव कुमार श्रेष्ठ	नगरसभा सदस्य		
७५	श्री श्याम वहादुर शाह	नगरसभा सदस्य		

अन्य आमन्त्रित उपस्थिति

१	श्री दीपक कोइराला	कार्यपालिका सल्लाहकार		
२	श्री भुमिराज श्रेष्ठ	लेखा अधिकृत		
३	श्री सरोज तिवारी	स्वकीय सचिव		
४	विवेक खतिवडा	योजना अधिकृत		
५	श्री सुरज जोशी	सुचना प्रविधि अधिकृत		
६	नारायण प्रसाद न्यौपाने	आ.ले.प अधिकृत		
७	सोविता रिजाल	लेखापाल		
८	तुल वहादुर महत	वा० अ०		
९	विष्णु प्रसाद रिजाल	प० स्वा० उ०		
१०	कान्छीराजा रेग्मी	सहायक(पाँचौं)		
११	चित्तराम रेजाल	अ.सा.उ		
१२	वीर वहादुर पुवाद	वडा सचिव ती.नं.पा ३		
१३	हरि कुमा(फुयेल	ले.ने.प्रा.		
१४	अर्जुन ठाकुर	वडासचिव १४		
१५	समहरी लामेछाने	प - १		
१६	मोन कुमारी सिंह	वडा नं ३ उपाध्यक्ष		
१७	रमंकला पाण्डारी	लेखा तथा प्रशासकीय अ (वाम)		
१८	रामकुमार थापा	(illegible)		
१९	सनिल चापागाई	वडा नं ३		
२०	फुलमाया गुहर	फुलमाया		

भीमप्रसाद ढुंगाना
नगर प्रमुख

२१	विजय राज गिरी	मी.ने.पा.	९८४१०२१८६०	
२२	विशाल कुँडेल	इन्जिनियर		
२३	प्रदिप कोइराला	सब-इन्जिनियर		
२४	राजेश कोइराला	ना.पा.प्र.		
२५	सृजन अधिकारी	का.मि		
२६	सँगाल खतिवडा	ना.प.से.प्र.		
२७	रामजी श्रेष्ठ	क.इ		
२८	कृष्ण लाल श्रेष्ठ	इन्जिनियर		
२९	शान्ती अधिकारी	खरिदार		
३०	शर्मिला पौडेल	वडा सचिव वडा न.प्र.		
३१	सरस्वती श्रेष्ठ	MIS Operator		
३२	मिरा उपरकोटी	का.स.		
३३	यम कु. डंगोल	फिल्ड सहायक		
३४	कोपिला भट्ट	ई.डि.ए		
३५	अर्पिला घिमिरे	वडा सचिव (वर्ग ख)		
३६	अन्न कुमारी भट्टराई	का.स.		
३७	कोपिला भट्ट लिम्बु			
३८	दुर्जना गुरुङ	कानुनी सल्लाहकार		
३९	रेवु चित्रकार	सेनेटरी इन्स्पेक्टर	RO Electrician	
४०	सगीता खवाश	डी.ना.प्र.		
४१	कुमारी तामाङ	"		
४२	मनिषा तिवारी	नी.न.पा.		
४३	राधिका अर्याल	नी.न.पा.		
४४	सुष्मा लिम्बु	" " "	9841782346	
४५	जानुका भट्ट (अधिकारी)	" " - ८		
४६	अमला कोइराला	" २		
४७	रीना पारियार तेपाली	" ३		
४८	हरिबहादुर	" २८	हरिबहादुर	
४९	नगेन्द्र रिजाल	नी. ३		
५०	हरिनाथ शाक्यको	नी. १२		
५१	सुदिला विश्वकर्मा	नी - ३,	9861754263 रेडियो चिहानी	

नीलपर्वत नगरपालिका
नगर प्रमुख

५२	पृथ्वि राना	नि.न.पा		
५३	नेत्र बहादुर थापा	नी० न० पा.		
५४	किरण गुरुङ	नी.न.पा ४		
५५	मनोज थापा मगर	नी.न.पा		
५६	राम शरण रिजाल	〃		
५७	राम कुमार नेपाली	नी.न.पा-४		
५८	हरि कु० दास	वि० न० पा-७		
५९	अमर पौडियाल	न.न.पा/६		
६०	ईश्वर भट्ट	नि.न.पा.४		
६१	राजकुमार श्रेष्ठ	नी.न.पा.-९		
६२	जीवन सिंह डोली	नी.न.पा		
६३	कृष्ण प्रसाद लम्साल	नी.न.पा.		
६४	प्रदिप बुढाथोकी	क्षेत्री न.पा		
६५	तेज बा.लामिछाने	गण्डक विरिष्ठ		
६६	दिप मल्ल ठकुरी	न.पा.प्रहरी		
६७	उदय का.दहल	〃-〃		
६८	रोशन कोइराला	वि.झा.स.अधिवक्ता		
६९	दिनेश थापा मगर	P.S.O(अपरेटर)		
७०	रविन्द्र भुजेल छर्ती	वडा सचिव(नी.न.पा ९)		
७१	अनिल पौनाली	वडा सचित(नी न पा-१०)		
७२	राकेश राज	चालक		
७३	तुल बहादुर थापा	पालक		
७४	दान बहादुर कुमाल	अमित		

श्रीमद्भगवद्-गीता
नगर प्रमुख

७५	वेदप्रकाश कोड्या	जी.प.प		
७६	कुमार जगत	नी.न.प.		
७७	मनोज काळीदास	नी.प.२		
७८	रमेश कापा	नगर पंचायत		
७९	निर्मला के.भी	जी.न.प		
८०	विष्णुमाया रिजाल	अस्पताल नर्सिंग निरीक्षक		
८१	लक्ष्मी नाईकी	नी.प.प. SAHW		
८२	शिवराज वाघमारे	जी.न.प.		
८३	दिपक केवट	जी.प.प		
८४	सन्तोषा मण्डी	नी.न.प.		
८५	अमर गुरुङ	अपरेटर		
८६	उमेश विश्वे	पि.सी.डी.१९ प्रो.		
८७				
८८				
८९				
९०				
९१				
९२				
९३				
९४				
९५				
९६				
९७				

मनिषप्रसाद दंगाल
मजदूर अधिकृत

नीलकण्ठ नगरपालिकाको आठौँ नगरसभा

नगरप्रमुख भीमप्रसाद ढुंगानाद्वारा प्रस्तुत

नीति कार्यक्रमको आवधिक समिक्षा तथा प्रतिवद्धता

मितिः २०७७ फाल्गुन २८ गते शुक्रवार

नगर उपप्रमुखज्यू,

नगरकार्यपालिकाका पदाधिकारीज्यूहरु,

नगरसभाका सदस्यज्यूहरु ,

प्रमुख प्रशासकीय अधिकृतज्यू, उपस्थित सञ्चारकर्मी, सुभेच्छुक तथा कर्मचारी मित्रहरु ,

नेपालको संविधान, २०७२ अनुसार स्थापीत स्थानीय सरकारको भूमिका निर्वाह गर्दै प्रथम जन निर्वाचित प्रतिनिधीका रुपमा २०७४ साल जेठ ७ गते सपथ ग्रहण गरि पदभार ग्रहण गरेको ४६ महिना वितिसकेकोछ । यस अघिका ७ वटा नगरसभाहरुबाट पारित नीति, कार्यक्रम र बजेटबाट हामीले विकासको अधिकतम् सकारात्मक प्रयास, नमूना अभ्यासका साथै चुनौतीपूर्ण आरोह अवरोह पार गर्दै आजको दिन सम्म आइपुगेका छौँ । यस अवधिमा हामीलाई साथ दिने र सहयोग गर्ने सवै नगरबासी, सरोकारवाला निकाय र शुभेच्छुकहरुमा आभार प्रकट गर्दै संघीय लोकतान्त्रीक गणतन्त्रात्मक शासन व्यवस्था स्थापनाका लागि बलीदानीपूर्ण योगदान गर्ने सवै वीर शहिदहरुमा भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु ।

भीमप्रसाद ढुंगाना
नगर प्रमुख

नगरसभा सदस्यज्यूहरु !

स्थानीय तहको पहिलो निर्वाचनमा हामीले गरेका प्रतिबद्धता र घोषणापत्र तथा पहिलो नगरसभामा ५ बर्षे लक्ष्यका साथ हामीले प्रस्तुत गरेको नीति तथा कार्यक्रम को कार्यान्वयनको लगभग अन्तिम चरणमा हामी आइपुगेकाछौं । हाम्रो घोषणपत्र, नीति तथा कार्यक्रम र हामीले निर्माण गरेको शहरी विकास योजनाले लिएको मध्यावधिक लक्ष्य पुरा गर्ने दिशामा हामी अघि बढिरहेकाछौं । हामीले शुरुवात गरेको बृहत्तर योजनाहरु अधिकांश रुपमा फिनिसिङ हुने चरणमा पुगिसकेका छन् ।

शपथ ग्रहण गरेको दिन हाम्रो टिमले प्रतिबद्धता गरेको तिर्खामुक्त नगर, नगरका सवै वडा केन्द्र सम्म बाह्रै महिना चल्ने सडक सञ्जाल निर्माण, र नमुना नगर निर्माणको अभियान हामीले हर सम्भब प्रयासका साथ अघि बढाइरहेका छौं । बाह्रै महिना चल्ने गरी नगरका १४ वटै वडा कार्यालयहरुसम्म पुग्ने मोटरबाटोको स्तरोन्नती लगभग पुरा हुने अवस्थामा पुगेको छ भने तिर्खमुक्त नगरको परिकल्पना अनुसार बृहत खानेपानीका योजनाहरु हाल कार्यान्वयनका अवस्थामा रहेकाछन् ।

साधान श्रोतको अधिकतम प्रयोग, योजनाबद्ध विकास र सुशासन कायम गर्न हामीले गरेको प्रयास देशमै उत्कृष्ठ घोषित भै उदाहरणीय बनेकोछ । देशभरका नगरपालिकाहरुबाट उत्कृष्ठ नगरपालिका पुरस्कार, स्थानीय सरकारको स्वमुल्यांकनमा उत्कृष्ठ नतिजा सहित देशभरमा प्रथम, हामीले अंगिकर गरेका नमुना कार्यक्रमहरु अन्य नगरपालिकाहरुका लागि मार्गदर्शनको रुपमा प्रयोग भैरहेकाले पनि हामी गर्बका साथ इमान्दार प्रयासमा उत्कृष्ठ काम गरिरहेका छौं भनि सवै नगरबासीहरुले गौरब गर्न सक्ने

अवस्थामा रहेका छौँ । सुशासनमा OGP मान्यता हाम्रो नमूना कार्यको रुपमा स्थापित भएकोछ । सवै वडा कार्यालयहरुको आफ्नै भवनको लक्ष लगभग पुरा भैसकेकोछ । प्राविधिक कारणले केहि वडा कार्यालयहरु निर्माणमा ढिलाई भए पनि केहि समय भित्रै सवै वडा कार्यालयहरु आफ्नै भवनबाट सेवा दिने चरणमा पुगिसकेका छन् । भुकम्पले क्षतिग्रस्त नगरका विद्यालयहरुको पुनर्निर्माण पक्की भवनका साथ लगभग पुरा भैसकेको छ ।

नगर गौरवका आयोजनाको रुपमा रहेको ९८ किलोमिटर लम्बाइको चक्रपथको ट्रयाक खोल्ने कार्य पुरा भैसकेको छ भने स्तरबृद्धिको काम धमाधम भैरहेकोछ । बजारक्षेत्रको शुन्दरता थप्ने गरि नमुना विकास कार्यको रुपमा कोरिडोर सडक निर्माण भैरहेकोछ । एक वडा एक उत्पादनका लागि हरेक वडामा नमुना पकेट क्षेत्र निर्माण गर्न कार्यक्रम अघि बढिरहेकोछ । ५ वर्षे उद्यम विकास रणनीतिक योजना निर्माण गरि शुरु भएको मेयर उद्यमशीलता विकास कार्यक्रम अन्तर्गत कार्यविधि जारी गरि पहिलो चरणको कार्यक्रम सम्पन्न भैसकेको छ । नगरक्षेत्रमा उद्यम गर्न चाहने सवै नगरबासीलाई लक्षित गरि सहूलियत ऋण प्रवाह गर्न र ब्याज रकममा अनुदान दिई उद्यम प्रवर्धन गर्न ब्याज अनुदान कार्यविधि निर्माण गरी ब्याज अनुदान कोषमा रकम जम्मा भैसकेकोछ ।

धादिङवेशी बजार देशभरकै शुन्दर र सफा बजारका रुपमा विकसित गर्ने हाम्रो प्रतिवद्धता अनुरुप सडकपेटीको निर्माण मुख्य बजार क्षेत्रमा सम्पन्न भैसकेको छ भने गुणस्तरीय कालोपत्रे सहित क्याट आइ लाइट र डिभाइडरले धादिङवेशीको मुहार फेरिएकोछ । बजार क्षेत्रको भित्री सडक समेत पेटी र पक्की पीच सहित स्तरबृद्धि गर्न र अब्यवस्थित तार ब्यवस्थापनका लागि बजेट स्वीकृत भैसकेकोले सम्पूर्ण बजार क्षेत्र नमूना शहरको रुपमा हेर्न लायक हुँदैछ ।

भीमप्रसाद ढुंगाना
नगर प्रमुख

नगरका सबै वडाहरुमा आधारभूत स्वास्थ सेवा सूचारु भैसकेकोछ भने हरेक वडामा स्वास्थ संस्थाको आफ्नै भवन निर्माण कार्य अन्तिम चरण्मा पुगेकोछ । माध्यमिक शिक्षासम्मको सम्पूर्ण ब्यवस्थापन र नियमनको दायित्व निर्वाह गर्दै विद्यालय सुधार, शैक्षिक गुणस्तर तथा जनशक्ति विकासका लागि हाम्रो घोषित नीति अनुसार यस बर्ष शिक्षा क्षेत्रमा विशेष लगानी गर्ने देशकै अग्रणी नगरको रुपमा हामीले काम गरिरहेकाछौं । न्यून शिक्षक भएका विद्यालयलाई नगरकोषबाट शिक्षक अनुदान, पुर्वाधार तथा प्रविधिमैत्री कक्षा ब्यवस्थापनका लागि सहयोग, शिक्षकहरुलाई ल्यापटप खरिदमा साझेदारी सहयोग, विषयगत तालिम, पुस्तकालय स्थापना, क्याम्पसको क्षमताविकासका लागि अनुदान सहयोग यो बर्ष शैक्षिक क्षेत्रका मुख्य कार्यक्रमका रुपमा सञ्चालित छन् ।

युवा तथा खेलकुद क्षेत्र, लक्षित बर्ग कार्यक्रम र लैंगिक समावेशी कार्यक्रमहरु निर्धारित मानक अनुसार अघि बढिरहेकाछन् । विपद् ब्यवस्थापन सम्बन्धी ऐन, कार्यविधि र प्रतिकार्य कार्यक्रममा नीलकण्ठ नगरपालिका देशभरमा उत्कृष्ठ घोषित हुनु हाम्रा लागी गौरबको विषय बनेको छ ।

धादिङवेशीको खानेपानी ब्यवस्थापनको लागि सह लगानी कोषले तयार गरेको DPR अनुसार करिब ५२ करोडको योजना अब केहि समय भित्रैमा शुरुवात हुँदैछ ।

नगरसभा सदस्यज्यूहरु !

नगरबासीको माग र आवस्यकता सम्बोधन गर्दा शुरुक बर्षमा पुर्वाधार क्षेत्रमा बढि लगानी गरिएपनि गत बर्षदेखि नागरिक सेवाको क्षेत्रमा पनि हामीले सक्दो लगानी र प्रयास गरिरहेकाछौं । प्रसुती सेवा लिन स्वास्थ संस्थासम्म जान एम्बुलेन्स खर्च भुक्तान कार्य, कडा रोग लागेका नगरबासीलाई उपचारखर्च सहायता, विपतमा परेका

भीमप्रसाद ढुंगाना
नगर प्रमुख

नगरबासीलाई तत्काल उद्धार तथा राहत वितरण, पशु क्षतिबाट हुने जोखिम कम गर्न पशु बिमा कार्यक्रममार्फत ८५ प्रतिशत अनुदान सहायता कार्यक्रम,. विउविजन तथा कृषि प्रविधिमा ५० प्रतिशत अनुदान सेवा क्षेत्रमा हामीले गरेका असल अभ्यासको उदाहरण बनेकोछ ।

हाम्रो कार्यकालको ४६ महिनाको अवधिमा थुप्रै चुनौति सामना गर्दै इमान्दारीताका साथ काम गर्ने प्रयास हामीले गरिरहेकाछौं । राम्रा काम गर्ने अन्य स्थानीय तहसंगको सिकाई आदान प्रदानसंगै अन्तराष्ट्रिय स्तरमा समेत असल सम्बन्ध र सिकाइ आदान प्रदान गर्न जापानको युसोहारा नगर संग मैत्री सम्बन्ध स्थापीत गरि शिक्षा, पुर्वाधार, कृषि, सांस्कृतिक आदान प्रदान तथा पर्यटन र प्रविधिको क्षेत्रमा सहकार्य गर्ने काम अघि बढेकोछ । कोभिड महामारीले विश्वनै आक्रान्त भएको बेला नगरबासीलाई उद्धार, राहत र निःशुल्क उपचारका लागि हामीले गरेको कोभिड प्रतिकार्य देशभरमा नमूना कार्यको रुपमा देखिएकोछ । क्वारेन्टाइन र आइसोलेसनलाई सुलभ तथा प्रभावकारी ब्यवस्थापन गर्ने हाम्रो काम अन्य स्थानीय तह र निकायको लागि समेत उदाहरणीय बनेकोछ ।

हाम्रो कार्यकालको ४६ महिनामा हामीले गरेका राम्रा काम र हाम्रा अनुभवहरुको समिक्षा गर्दै स्वमुल्यांकनको आधार पहिचान गर्न तपाईहरुका माझ नीति तथा कार्यक्रम र योजनाहरुको समिक्षा तथा उपलब्धी प्रस्तुत गरेकोछु । हाम्रो प्रयासमा भएको राम्रा कामबाट उत्साहित हुँदै कमीकमजोरीलाई इमान्दारीताका साथ सच्याउन हामी सवै प्रतिबद्ध हुनैपर्छ । हाम्रो कार्यकालको बाँकी १४ महिनको अवधिलाई अझै प्रभावकारी बनाउँदै घोषित प्रतिबद्धतहरु पुरा गर्न जनप्रतीनिधि र कर्मचारी सहितको सिंगो नगरपालीका टिम एक ढिक्का भै अझै क्रियाशिल हुनु अपरिहार्य छ । एकिकृत शहरी विकास योजनाले निर्दिष्ट गरेको समृद्ध नीलकण्ठ नगरको आधारः कृषि, पर्यटन,

भीमप्रसाद ढुंगाना
नगर प्रमुख

उद्यमशीलता सहतिको पुर्वाधार भन्ने" नारालाई सार्थक बनाउने गरी हाम्रा कामहरुलाई तिब्रता दिनुपर्नेछ । यस अघिका नगरसभामा घोषित भएका नीति तथा कार्यक्रमहरुको समीक्षा र पुरा गर्न बाँकी प्रतिबद्धतहरुलाई निर्धारित समयमै पुरा गर्न आवश्यक ऐन, कार्यविधि तथा मापदण्ड जारी गर्दै मौजुदा ऐन, कार्यविधि तथा निर्देशिकाहरुले परिकल्पना गरेका संरचनागत उद्देश्यहरु यसै आर्थिक बर्षभित्र पुरा गर्ने सामुहिक प्रतिबद्धता गर्न चाहन्छु ।

नगरसभा सदस्यज्यूहरु !

हाम्रा विगतक केहि नमूना योजना तथ कार्यक्रम उदाहरणीय बनेजस्तै केहि महत्वपूर्ण नीति तथा कार्यक्रम यो नगरसभामा थप घोषणा गर्न चाहन्छु :

- नीलकण्ठ नगरबासीहरु कुनै पनि कारणले मृत्यु भै मृत्यु संस्कार गर्न नसक्ने विपन्न परिवारका लागि प्रति प्ररिवार १० हजारका दरले सहयोग गर्ने कार्यक्रमको थालनी यो नगरसभा लगत्तै गरिनेछ ।

- नगरपालिकाको विकास निर्माण र सकारात्मक कामको समाचार संचार माध्यममा प्रवाहित गर्ने परंपरालाई प्रोत्साहित गर्नका लागि रु. एक लाख राशीको क्रियांशिल विकास पत्रकारिता पुरस्कार यसै बर्ष देखि प्रदान गरिनेछ ।

- चालू बर्षमा शिक्षा क्षेत्रलाई विशेष प्राथमिकता दिई विभिन्न योजना तथा कार्यक्रमहरु शुरु भए संगै विद्यालयहरुमा विद्यार्थी संग प्रत्यक्ष साक्षात्कार गर्न विद्यार्थी संग मेयर कार्यक्रम शुरुवात गरिनेछ ।

भीमप्रसाद ढुंगाना
नगर प्रमुख

- नीलकण्ठ नगरपालिकाको कला, साहित्य र संस्कृतिको जगेर्ना तथा प्रवर्धनको लागि नगर स्तरीय प्राज्ञ सभा तथा समिति रहने गरि नीलकण्ठ एकेडेमी स्थापना गरिनेछ।

- नगर विकासका लागि जग्गाको उपयोगलाई नीतिगत व्यवस्था गर्न भु उपयोग नीति, जोखिम संवेदनशिल भू उपयोग योजना, भौगोलिक सूचना प्रणालीमा आधारित स्थानीय आवधिक योजना निर्माण तथा नगर सडक गुरुयोजना (LTMP) निर्माण गरिनेछ।

- नीलकण्ठ नगर कार्यपालिका, वडा कार्यालय तथ विषयगत कार्यालयमा कार्यरत कर्मचारीहरुको कामको अवस्था विश्लेषण गरि जनशक्ति व्यवस्थापनलाई पुनसंरचना गर्न संगठन तथा व्यवस्थापन सर्वेक्षण (O&M) अध्ययन गरिनेछ।

- नीलकण्ठ नगरपालिकालाई उत्कृष्ठ स्थानीय तहको रुपमा स्थापित गराइराख्न स्थानीय तह क्षमता स्वमुल्यांकन कार्यविधि, २०७७ अन्तरगत अनिवार्य गर्नुपर्ने अध्ययन, सर्वेक्षण, डिपिआर लगायतका योजना तर्जुमा गरिनेछ।

- नगरपालिकालाई कागज रहित सेवा प्रवाहयुक्त Paper less कार्यालयमा रुपान्तरण गर्न कर्मचारीहरुलाई ५० प्रतिशत लागत सहभागितामा ल्यापटप वितरण गरि कार्यालयलाई चुस्त बनाइनेछ।

- विकास निर्माणको आवश्यकतालाई विशेष सम्बोधन गर्न विभिन्न दातृ संघ संस्था तथा निकाय, प्रदेश तथा संघीय सरकार संग सहकार्य गरि थप बजेट परिचालन गर्ने वातावरण सृजना गरिनेछ।

भीमप्रसाद ढुंगाना
नगर प्रमुख

यसका साथै निर्वाचनका बेला हामीले अघि सारेको नमूना नगर निर्माणका लागि विचारमा विविधता विकासमा एकताको लागि हामी सबैलें आफ्नो ठाउँबाट इमान्दार प्रयस गरौं भन्ने अनुरोध गर्दै निरन्तर साथ र सहयोगका लागि नगरसभा सदस्यज्यूहरु, कर्मचारी मित्रहरु, सुभेच्छुकहरु, सरकारी निकाय, सम्पूर्ण नगरबासीहरु, दातृ निकाय, संघसंस्था तथा संचारकर्मी मित्रहरुलाई हार्दिक आभार प्रकट गर्दछु ।

भीमप्रसाद ढुंगाना
नगर प्रमुख

जय नेपाल !

नीलकण्ठ नगरपालिका आठौ नगरसभामा उप प्रमुख मनराज भण्डारीबाट प्रस्तुत

आ. व. २०७७/०७८ को संसोधित वजेट तथा कार्यक्रम

मिति२०७७/११/२८ शुक्रवार

श्री नगर सभाका अध्यक्षज्यु एवंम् नगरपमुख ज्यु,

नगरसभाका सदस्यहरुज्यु,

प्रमुख प्रशासकीय अधिकृतज्यू एवं कर्मचारी मित्रहरु

आज हामीहरु नीलकण्ठ नगरपालिकाको आठौ नगरसभामा उपस्थित भएका छौं । आजको यस गरिमामय सभामा उपस्थित सवैलाई हार्दिक स्वागत गर्दछु । यस महत्वपुर्ण अवसरमा नेपालको राजनीतिक परिवर्तनको स्थापनार्थ जनआन्दोलन, जनयुद्ध, मधेस आन्दोलनका क्रममा जिवनउत्सर्ग गर्नु हुने सम्पुर्ण ज्ञातअज्ञात सहिदहरु प्रतिहार्दिक श्रद्धान्जली अर्पण गर्न चाहान्छु । राजनीतिक परिवर्तनको दौरानमा जनआन्दोलन, जनयुद्ध र लोकतान्त्रिक आन्दोलनको विभिन्न चरणका सम्पूर्ण घाइते, वेपता,एवं पिडित परिवार र व्यक्तिहरु प्रति सम्मान व्यक्त गर्दछु ।राष्ट्रियता स्वाधिनता सामाजिक न्याय समानता र समताका लागि सक्षम नेतृत्व प्रदान गर्नुहुने मान्य नेतृत्वमा रहनुहुने ब्यक्तित्वहरु प्रति हार्दिक नमन ब्यक्त गर्दछु ।हामी निर्वाचित भएको ४६ महिनाको अवधिमा नगरको विकास र समृद्धिको लागि अधिकतम सकारात्मक प्रयासहरु गर्दै विभिन्न चुनौतीहरु सामना गर्दै यो अवस्थामा आइपुगेका छौ । यस भन्दा अगाडीका नगरसभाबाट पारित नीति कार्यक्रम तथा बजेटलाइ कार्यान्वयन गर्न सिंगो जनप्रतिनिधि तथा कर्मचारीहरु सबै सरोकारवाला निकायको उच्च मुल्याङकन गर्दै आगामी दिनमा पुर्णरुपमा सहयोगको अपेक्षा गर्दछू ।

आजको नगरसभाका एजेण्डाहरु निम्न अनुसार प्रस्तुत गरेको छु ,

१) चालु आ.व.२०७७/२०७८ को संशोधित वजेट तथा कार्यक्रमहरु,

२) गत आ व को यथार्थ खर्च विवरण

३) चालु आ व को प्रगति विवरण,

४) आर्थिक ऐनमा सशोंधन सम्वन्धमा ,

चालु आ.व.०७७/०७८ को लागि यस नीलकण्ठ नगरपालिकाको सातौ नगरसभावाट स्वीकृत वजेट तथा कार्यक्रमको विषयमा हामी सवैलाई विदितै छ । उक्त स्वीकृत वजेट तथा कार्यक्रममा विभिन्न निकायबाट केही थप वजेट प्राप्त हुन आएको र थप वजेटवाट विभिन्न कार्यक्रमहरुमा विनियोजन भएका योजना/कार्यक्रमहरु समावेश हुनजाँदा र क्षेत्रगत रुपमा विनियोजित विभिन्न कार्यक्रमहरुमा विनियोजन वजेट घटी वढी हुनगएको हुँदा सो को संशोधित विवरण सभामा प्रस्तुत गर्दै अनुमोदनका लागि प्रस्तुत गरेको छु ।

सातौ नगरसभावाट विनियोजित वजेट चालुतर्फ एकहत्तर करोड एकहत्तर लाख असी हजार एक सय सोह्र र पुँजिगततर्फ रु छपन्न करोड दुइ लाख त्रियानब्बे हजार तीन सय बाइस गरी कुलजम्मा रु एक अर्व सताइस करोड चौहत्तर लाख त्रिहत्तर हजार चार सय अठतीस को वजेट अनुमान गरी सो अनुसार विनियोजन भएकोमा प्रधानमन्त्री रोजगार कार्यक्रम, स्थानीय पूर्वाधार विकास कार्यक्रम, एवं सशर्त अनुदानतर्फ थप प्राप्त अख्तियारी

वमोजिम पुँजिगत तथा चालू शिर्षकमा केही रकम थप हुन गएकाले चालु आ.व.०७७/०७८ का लागि देहाय बमोजिम वजेट /कार्यक्रम संशोधन हुनगएको व्यहोरा प्रस्तुत गर्दछु ।

संशोधित वजेट

पूर्व स्वीकृत बजेट रकम रु हजारमा		संसोधित बजेट रु हजारमा	
चालु	एकहत्तर करोड एकहत्तर लाख असी हजार एक सय सोह्र	चालु	बहत्तर करोड पचासी लाख बाउन्न हजार नौ सय छब्बीस
पुँजिगत	छपन्न करोड दुइ लाख त्रियानब्बे हजार तीन सय बाइस	पुँजिगत	छपन्न करोड दुइ लाख त्रियानब्बे हजार तीन सय बाइस
कुल जम्मा	एक अर्व सत्ताइस करोड चौहत्तर लाख त्रिहत्तर हजार चार सय अठतीस	कुल जम्मा	एक अर्व अठ्ठाइस करोड चौरासी लाख छयालीस हजार दुइ सय अठचालिस
उपरोक्त अनुसार हुँदा चालु आ.व.को वजेट रु एक करोड तेह्र लाख बहत्तर हजार आठ सय दसले वृद्धि हुनजाने भएको छ ।			

बजेट ब्यहोरिने संसोधित श्रोत अनुमान यस प्रकार छ ।

आ.व. : २०७७/७८					
सि.नं.	स्रोत समूह	बजेटको स्रोत/तह	स्रोत	विधि	अनुमानित आय
१	संघीय सरकार नेपाल सरकार १३३११-समानिकरण अनुदान नगद अनुदान				तेइस करोड पाँच लाख
२	संघीय सरकारनेपाल सरकार १३३१२-शसर्त अनुदान चालु नगद अनुदान				
२.१	संघीय सरकार	नेपाल सरकार	शसर्त अनुदान चालु	नगद अनुदान	चौतीस करोड चौरानब्बे लाख बहत्तर हजार आठ सय दश
२.२	अन्तरिक श्रोत	आन्तरिक ऋण	आन्तरिक श्रोत	नगद ऋण	आठ लाख
२.३	बैदेशिक श्रोत	ए डि बी	वैदेशिक ऋणको प्राप्ति	सोधभर्ना हुने ऋण (बैदेशिक)	आठ लाख
२.४	बैदेशिक श्रोत	आई डि ए	वैदेशिक ऋणको प्राप्ति	सोधभर्ना हुने ऋण (बैदेशिक)	चौरानब्बे लाख
२.५	बैदेशिक श्रोत	एस.एस. डि. पि.	अन्तराष्ट्रिय अन्तर-सरकारी संस्थाबाट प्राप्त पूँजीगत अनुदान	सोधभर्ना अनुदान (बैदेशिक)	अठानब्बे लाख

रामप्रसाद ढकाल
नगर प्रमुख

२.६	बैदेशिक श्रोत	एस.एस. डि. पि.	अन्तराष्ट्रिय अन्तर-सरकारी संस्थाबाट प्राप्त पूँजीगत अनुदान	सोधभर्ना हुने ऋण (बैदेशिक)	एक करोड उनान्चालीस लाख
३.१	अन्तरिक श्रोत	आन्तरिक ऋण	आन्तरिक श्रोत	नगद ऋण	दुइ करोड
४.१	अन्तरिक श्रोत	आन्तरिक ऋण	आन्तरिक श्रोत	नगद ऋण	पचास लाख
५.१	प्रदेश सरकार	वाग्मती प्रदेश	समानिकरण अनुदान	नगद अनुदान	एक करोड आठ लाख चौरासी हजार
६.१	प्रदेश सरकार	वाग्मती प्रदेश	शसर्त अनुदान चालु	नगद अनुदान	दुइ करोड सन्ताउन्न लाख सत्तरी हजार
७.१	प्रदेश सरकार	वाग्मती प्रदेश	विषेश अनुदान चालु	नगद अनुदान	पैतिस लाख
८.१	प्रदेश सरकार	वाग्मती प्रदेश	समपुरक अनुदान चालु	नगद अनुदान	दुइ करोड उनान्सय लाख नब्बे हजार
९.१	राजस्व बाडफाड	राजस्व बाँडफाँड - प्रदेश सरकार	राजस्व बाँडफाँड	नगद	पाँच करोड सैतिस लाख बैसठ्ठी हजार
१०.१	राजस्व बाडफाड	राजस्व बाँडफाँड - संघीय सरकार	राजस्व बाँडफाँड	नगद	एघार करोड चौहत्तर लाख उनान्चास हजार आठ सय बीस
११.१	अन्तरिक श्रोत	आन्तरिक श्रोत	आन्तरिक श्रोत	नगद	चालिस करोड अठहत्तर लाख सत्र हजार छ सय अठार
				जम्मा	एक अर्व अठ्ठाइस करोड चौरासी लाख छयालीस हजार दुइ सय अठचालिस

संशोधित बजेट अनुसार क्षेत्रगत रुपमा हुन जाने घटवढ देहाय अनुसार हुनेछ ।

नीलकण्ठ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय धादिंग
कार्यालयको कोड : ८०३३०४०२३००

आ.व. : २०७७/७८

सि.नं.	शीर्षक	विनियोजन
१	आर्थिक विकास	नौ करोड बत्तीस लाख एकसठ्ठी हजार दुइ सय पैतीस
२	सामाजिक विकास	छपन्न करोड उनान्सतरी हजार नौ सय
३	पूर्वाधार विकास	बयालीस करोड नौ लाख यनान्चास हजार छ सय पन्ध्र
४	सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र	पाँच करोड छपन्न लाख पचास हजार
५	कार्यालय सञ्चालन तथा प्रशासनिक	पन्ध्र करोड उनानब्बे लाख पन्ध्र हजार चार सय अन्ठानब्बे
कुल जम्मा		एक अर्व अठ्ठाइस करोड चौरासी लाख छयालीस हजार दुइ सय अठचालिस

भीमप्रसाद ढुंगाना
नगर प्रमुख

अब म हाल सम्मको प्रगति विवरण पेश गर्दछु ।

गत आ.व. २०७६/७७ को वजेट तथा खर्चको यथार्थ विवरण यस प्रकार रहेको छ ।

वजेट		खर्च	खर्च प्रतिशत
चालु	छैहत्तर करोड एघार लाख छयालिस हजार	छयालिस करोड पचास लाख अठार हजार एक सय रुपैयाँ बत्तीस पैसा	६१.०९
पुँजिगत	एकतीस करोड उनन्सय लाख चौवन्न हजार	एक्काइस करोड तेत्तीस लाख पचहत्तर हजार सात सय त्रिहत्तर	६६.६९
कुलजम्मा	एक अर्व आठ करोड एघार लाख	सतसठ्ठी करोड त्रियासी लाख त्रियानब्बे हजार आठ सय त्रिहत्तर रुपैयाँ बत्तीस पैसा	६२.७५

चालु आ.व. २०७७।०७८ को हाल सम्मको आन्तरिक आय तथा राजश्व बाँडफाँडको प्रगति यस प्रकार रहेको छ ।

विवरण	०७७ /७८ को कूल अनुमानित आय(रु हजारमा)	हालसम्मको यथार्थ आम्दानी (रु हजारमा)	प्रगति (%)
आन्तरिक आय	तीन करोड	एक करोड छयालिस लाख तेह्र हजार	४८.७१
राजश्व बाँडफाँड	सत्र करोड बाह्र लाख एघार हजार	नौ करोड तेतिस लाख अठतीस हजार	५४.५२
कूल जम्मा	बीस करोड बाह्र लाख एघार हजार	दश करोड उनासी लाख एकाउन्न हजार	५३.६५

चालु आ.व.२०७७/७८ को संशोधन पूर्वको वजेट तथा हाल सम्मको खर्च प्रगति विवरण यस प्रकार छ।

वजेट		खर्च		खर्च प्रतिशत
चालु	एकहत्तर करोड एकहत्तर लाख असी हजार एक सय सोह्र	चालु	तीस करोड सन्ताउन्न लाख चौवालिस हजार तीन सयचौसठ्ठी रुपैयाँ	४२.३६

भीमप्रसाद ढुंगाना
नगर प्रमुख

			चालीस पैसा	
पुंजिगत	छपन्न करोड दुइ लाख त्रियानब्बे हजार तीन सय बाइस	पुंजिगत	बाह्र करोड पाँच लाख सतहत्तर हजार नौ सय छयालिस रुपैयाँ दश पैसा	२१.५२
कुल जम्मा	एक अर्व सत्ताइस करोड चौहत्तर लाख त्रिहत्तर हजार चार सय अठतीस	**कुल जम्मा**	बयालिस करोड त्रिसठ्ठी लाख छैयहत्तर हजार दुइ सय दश रुपैयाँ पचास पैसा	३३.३७

आर्थिक ऐनमा तपशील बमोजिम संशोधन प्रस्ताब गरेको छु ।

क वि.स.२०७२ सालको भुकम्प अगाडी निर्माण भएका घरहरुको सम्वन्धमा एक पटकका लागि सूचना प्रकाशन गरि असार मसान्त सम्म नक्सा पास गर्दा लाग्ने दस्तुर/ शुल्कमा थप १० प्रतिशत राजश्व लिई अभिलेखिकरण गर्ने विषय ।

ख

यस नगरपालिकाको आर्थिक ऐन, २०७६ (चौथो संशोधन) मा नगरपालिकावाट लिने सेवा शुल्क तथा राजश्वका दररेटहरु मध्ये पशु सेवा शाखा अन्तर्गतका छुट तपसिल वमोजिमका राजश्वका दररेटहरु पशु सेवा शाखावाट प्राप्त भएअनुसार लिने विषय ।

तपसिल

सेवाको प्रकृति लाग्ने शुल्क

उपचार सेवा अन्तर्गत		
	सेवाको प्रकति	लाग्ने शुल्क
क	गाई भैसी	१०
ख	गाई भैसी वंगुर खरायो	५
ग	कुकुर विरालो	२५
घ	हात्ती घोडा वाँदर जंगली जनावर	५०
परिक्षण सेवा		
	सेवाको प्रकति	लाग्ने शुल्क
क	गोवर परिक्षण	१०
ख	गर्भ परिक्षण	१०
ग	शव परिक्षण गाइ, भैसी, भेडा वाखा वंगुर	२५
घ	शव परिक्षण पंक्षी	१०
ङ	शव परिक्षण कुकुर	१००
च	शव परिक्षण अन्य	२००

वन्ध्याकरण		
	सेवाको प्रकति	लाग्ने शुल्क
क	वोका/राँगौ/साँढे	१५
ख	कृतिम गर्भाधान गाई भैसी वाखा	२५
सिफारिस		
	सेवाको प्रकति	लाग्ने शुल्क
क	मृत्यु प्रमाणित (नगरपालिका मातहत इन्स्युरेन्सको प्रयोजनका लागि)	१००
ख	मृत्यु प्रमाणित अन्य	२००
ग	अन्य प्रमाणित तथा सिफारिस	२००

अन्तमा सहकार्य र सहयोग को लागि धन्यवाद ।

भीमप्रसाद ढुंगाना
नगर प्रमुख

नगर सभाका निर्णयहरु

निर्णय नं. १

चालु आ.व. २०७७/२०७८ को संशोधित वजेट कार्यक्रम सहितको विनियोजन ऐन, २०७७ र आर्थिक ऐन, २०७७ लाई पारित गरियो ।

निर्णय नं. २

आ.व. २०७६/२०७७ को चालु खर्च र पूँजिगत खर्चको यथार्थ विवरण र चालु आ.व. २०७७/०७८ को माघ मसान्तसम्मको प्रगति/मुख्य उपलब्धीहरुको समिक्षा सहित पारित गर्ने निर्णय गरियो ।

निर्णय नं. ३

नगर कार्यपालिकावाट पेश भएका नीलकण्ठ नगरपालिका कार्यालय सञ्चालन गर्न आवश्यक पर्ने तपशिल वमोजिमका विद्येयक, परिमार्जन सहित पारित गर्ने निर्णय गरियो ।

तपशिल

क) उद्यमीहरुलाई व्यवसायिक कर्जामा प्रदान गरिने व्याज अनुदान सम्वन्धी विद्येयक, २०७७

निर्णय नं. ४

नीलकण्ठ नगरपालिकाको सातौं नगरसभाको निर्णय नं. ११ वमोजिम सम्पन्न भई फरफारक गरिएको भनिएका योजनाहरुको सम्वन्धमा केही योजनाहरु सम्पन्न भै भुक्तानी गरिएका भएता पनि केही योजनाहरु सम्पन्न नभइ सातौं नगरसभाको निर्णय नं. १० तथा अनुसुचि ६ वमोजिम दायित्व सारिएको देखिएकाले सम्पन्न नभएका योजनाहरु यस आ.व.मा कार्यान्वयन गरि भुक्तानी हुने व्यहोरा प्रमाणित गर्ने निर्णय गरियो ।

भीमप्रसाद ढुंगाना
नगर प्रमुख

तपशिल

सि.न	गत आ.व.(२०७६/०७७) मै फरफारक भएका योजनाहरु	विनियोजित वजेट	सि.न	यस आ.व.(२०७७/०७८)मा कार्य सम्पन्न गरि फरफारक गर्नुपर्ने योजनाहरु	विनियोजित वजेट
१	वस पार्क पुछारवजार ड्रेन कार्य वगालेटार सडक मर्मत रु ३००००० समेत	८००००।-	१	भैरवी मा.वि. कम्पाउण्डीङ	४००००।-
२	रामकोट संकलन केन्द्र भवन	५००००।-	२	डाडा गाँउ पानी ट्याङकी देखी अरुण खोला पानी मिल सम्म जाने सिढि वाटो निर्माण	३००००।-
३	कटहरे खानेपानी मर्मत योजना	१५००००।-	३	डाडा गाउ खानेपानी योजना मेशिन खरिद	३००००।-
४	तारुखर्क विसटार सडक निर्माण २	२००००।-	४ –	रायटार चौतारा घुम्ती सडक पक्की नाला र ग्रावेल	५००००।-
५	जमिन खार्ने र सिढि वनाउने	२००००।-	५	पात्ले गैरीगाउ देखी शखादेवी स्कुल सम्म सिढि निर्माण	५००००।-
६	देउराली रमिते देवीस्थान सडक ग्रावेल शिर्षकमा सार्वजनिक सौचालनय निर्माणको ५,००,०००।- थप गरि सार्वजनिक २५००००० नी.न.पा. ८		६	ऐतिहासिक पाचघारे डि. पि. आर. वडा नं. २	४०००००

निर्णय नं. ५

नीलकण्ठ नगरपालिकाको सातौं नगर सभाको निर्णय नं. १६ तथा निर्णय नं. ३० वमोजिम वजेट कार्यक्रमको कार्यान्वयनको सिलसिलामा विभिन्न योजना तथा कार्यक्रममा विभिन्न वजेट शिर्षकवाट रकम व्यवस्थापन गरि कार्यान्वयन गरिएकोमा सो को स्वीकृति एवम् समर्थन गर्ने निर्णय गरियो । साथै निम्नानुसार रकमान्तर तथा शीर्षकान्तर गरि वजेट कार्यक्रम कार्यान्वयन गर्ने गराउने व्यवस्था मिलाउने निर्णय गरियो ।

भीमप्रसाद ढुंगाना
नगर प्रमुख

तपशिल

नीलकण्ठ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, धादिंग

आ.व. : २०७७/७८

घटाउने

सि.नं.	बजेट उपशीर्षक	कार्यक्रम/आयोजना/क्रियाकलापको नाम	खर्च उपशिर्षक	स्रोत समूह	बजेटको स्रोत/तह	प्राप्तिको श्रोत	भुक्तानी विधि	रकम	कैफियत
१	८०३३०४०२१०१	नगर चक्रपथ निर्माण तथा स्तरोन्नती	31151	राजस्व बाडफाड	राजस्व बाँडफाँड - संघीय सरकार	राजस्व बाँडफाँड	नगद	२५,००,०००	
२	८०३३०४०२१०१	नगर पालिका स्तरिय विविध पुर्वाधार निर्माण १	31159	संघीय सरकार	नेपाल सरकार	समानिकरण अनुदान	नगद अनुदान	३०,००,०००	
३	८०३३०४०२१०१	पदाधिकारीअन्य सुबिधा	21142	अन्तरिक श्रोत	आन्तरिक श्रोत	आन्तरिक श्रोत	नगद	७,००,०००	
४	८०३३०४०२१०१	मर्मत सम्भार कार्य	22231	अन्तरिक श्रोत	आन्तरिक श्रोत	आन्तरिक श्रोत	नगद	६८,००,०००	
५	८०३३०४०२१०१	भैपरी आउने चालु खर्च	28911	राजस्व बाडफाड	राजस्व बाँडफाँड - संघीय सरकार	राजस्व बाँडफाँड	नगद	५१,३१,५०२	
६	८०३३०४०२१०१	पारिश्रमिक कर्मचारी	21111	संघीय सरकार	नेपाल सरकार	समानिकरण अनुदान	नगद अनुदान	५५,००,०००	
७	८०३३०४०२१०१	नगर पालिका स्तरिय विविध पुर्वाधार निर्माण ३	31159	संघीय सरकार	नेपाल सरकार	समानिकरण अनुदान	नगद अनुदान	१,३१,००,०००	
८	८०३३०४०२१०१	अन्य भत्ता कर्मचारी	21139	अन्तरिक श्रोत	आन्तरिक श्रोत	आन्तरिक श्रोत	नगद	२,००,०००	
९	८०३३०४०२१०१	भैपरी आउने चालु खर्च	28911	राजस्व बाडफाड	राजस्व बाँडफाँड - संघीय सरकार	राजस्व बाँडफाँड	नगद	२५,००,०००	
१०	८०३३०४०२१०१	साकोष पाङ्गाझुल मदले खर्क फेलेल सडक	31151	अन्तरिक श्रोत	आन्तरिक श्रोत	आन्तरिक श्रोत	नगद	२,००,०००	
११	८०३३०४०२१०१	करार सेवा शुल्क	22413	अन्तरिक श्रोत	आन्तरिक श्रोत	आन्तरिक श्रोत	नगद	२५,००,०००	
